# मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)

मिति : २०७९।०९।२९

**वक्तव्य**

## रुख कटानमा एमसिए-नेपालको संलग्नता छैन

दाङ्ग जिल्लाको राप्ती गाउँपालिका क्षेत्रमा पर्ने पूर्व-पश्चिम राजमार्गको २२ किमि सडक खण्ड छेउछाउका करिब १,५०० रुख काटिएको जानकारी एमसिए-नेपाललाई प्राप्त भएको छ। उक्त कार्यमा एमसिए-नेपाललाई जोडेर केही सञ्चार माध्यममा प्रकाशित समाचारप्रति हाम्रो ध्यानाकर्षण भएको छ।

रुख कटान गरिएको क्षेत्र एमसिए-नेपालको सडक मर्मत आयोजनाको कार्यक्षेत्रमा पर्दछ। उक्त कार्य एमसिए-नेपाललाई कुनै पनि जानकारी नदिई एवं परामर्श नगरीकनै गरिएको थियो। उक्त कार्य नेपालको वातावरणसम्बन्धी ऐन कानुन तथा हाम्रो वातावरणीय निर्देशिकासँग पनि प्रत्यक्ष रूपमा विपरित रहेको छ।

उक्त घटनाबारे जानकारी पाउनेबित्तिकै एमसिए-नेपाल र एमसीसीका अधिकारीहरू उक्त स्थानको स्थलगत निरीक्षणमा गई स्थानीय अधिकारीहरूलाई भेट्नुका साथै आगामी कदमबारे निर्णय लिनका लागि प्रभावित खण्डको समीक्षा पनि गर्दैछौं।



लालदरवार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स, दरवार मार्ग, काठमाडौं, नेपाल
+९७७-०१-४५४०९५१ । info@mcanp.org । www.mcanp.org